जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३१ अंक २१५ २०७८ साल चैत १४ गते सोमबार (28 Mar. 2022 Monday) मूल्य रु. ५/-
**Log in : rajbirajdainik.com.np**

महिला अधिकारलाई नारामा मात्र होइन,
व्यवहारमा परिणत गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : स्थानीय तह निर्वाचन : पर्यवेक्षणका.. ३ पृष्ठमा : तमलोपाद्वारा १५ बुँदे घोषणापत्र ३ पृष्ठमा : यमनका हुथी विद्रोहीद्वारा...

## अस्पतालमा सरुवा विषयको विवाद उत्कर्षमा
# सहज ढंगले स्वास्थ्य सेवा प्रवाहमा समस्या




**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा पुर्वाग्रही भएर सरुवा बदर भईसकेको कार्यालयमा रवाना दिएर पठाउन खोज्दा पीडित कर्मचारी र प्रमुखबीच सुरु भएको विवादले सेवा प्रभावित भएको छ ।

विवाद बढ्दै जाँदा स्टोर शाखाबाट विगत १५ दिनदेखि अस्पताल प्रशासनले अतिआवश्यक समाग्री प्रयोग गर्न पाएका छैनन । जसले गर्दा अस्पतालबाट पाउने निशुल्क औषधी र जाँच सहितका सामान्य सुविधा समेत प्रभावित भईरहेको छ ।

पीडित कर्मचारी स्टोर शाखाका प्रमुख समेत रहेका नायब सुब्बा कामेश्वर रोहिताले निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. दिलीप साहको हठका कारण विरामीले सास्ती भोग्नु परिरहेको आरोप लगाएका छन् ।

उनका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय जनकपुरको २०७७ भदौ ३० गतेको निर्णय अनुसार आफ्नो भु-तथा जलाधार कार्यालय सिरहामा सरुवा भएको थियो । त्यसको २५ दिन नबित्दै २०७७ असोज २६ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदकै कार्यालयको अर्को निर्णयले उक्त सरुवा बदर भई आफूलाई गजेन्द्र नारायण सिह अस्पताल मै काम गर्न जिम्मेवारी तोकिएको बताए । त्यतिबेला प्रदेश मातहतमा रहेको उक्त अस्पताल संघिय सरकारको मातहतमा गएपछि २०७७ मंसिर १९ गते संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पनि प्रदेशबाट संघमा समायोजन भई व्यवस्थापन गर्न बाँकि रहेका आफुलाई अर्को व्यवस्था नभए सम्मका लागी सोही अस्पतालमा कामकाज गर्न खटाएको उनको भनाई छ । तर नयाँ आएका निमित्त मेसु डा. साहले पदभार ग्रहण गरेको भोली पल्टै पुर्वाग्रही ढंगले एक्कासी रमाना पत्र दिई आफुलाई अलपत्र पार्न खोजेको आरोप लगाए ।

उनी भन्छन, "सरुवा बदर भई सकेकाले रमाना लिइ कहा जाने ?" उनले रमाना दिने नै हो भने मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नाममा दिन माग समेत गरे ।

निमित्त प्रमुख मेसु डा साहले रोहिताको सिरहास्थित भु-तथा जलाधार कार्यालयमा सरुवा भए पनि रमाना नबुझी अनावश्यक विवाद सृजना गरेको दाबी गरे । यता विवादका कारण स्टोर शाखाबाट समान झिक्न नपाउँदा अहिले अत्यावश्यक बस्तु बाहिरबाट खरिद गर्नू परेको उनको भनाई छ ।

जिन्सी शाखाका प्रमुख रोहिताको सरुवा भएकाले उनलाई बरबुझारथ गर्न पटक पटक तागेदा गर्दा पनि अटेर गरेको भन्दै डा. साहले हामीले रमाना बुझाउन निर्देशन दिऔं, तर रमाना नबुझेर उनी अदालतमा मुद्दा हालेको गुनासो गरे । अदालतको अल्पकालिन

***बाँकी अन्तिम पृष्ठमा***

## मुख्य निर्वाचन अधिकृतसहित सप्तरीको सबै
# स्थानिय तहमा निर्वाचन अधिकृत तोकिए

**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

निर्वाचन आयोगले आगामी वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनमा खटिने प्रयोजनका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नाम सार्वजनिक गरेको छ ।

सप्तरीको १८ वटै स्थानिय तहका लागि सप्तरी जिल्ला अदालतका न्यायाधिश चन्द्रमणि ज्ञवालीलाई मुख्य निर्वाचन अधिकृतका साथै राजविराज नगरपालिकाको निर्वाचन अधिकृत समेत तोकिएको छ ।

यस्तै अग्नीसाइर कृष्णासवरन गाउँपालिकामा मेघनाथ चापागाई, कंचनरुप नगरपालिकामा हिमालय बराल, खडक नगरपालिकामा मोहम्मद मुन्ना, छिन्नमस्ता गाउँपालिकामा सुर्यराज घिमिरे, डाक्नेश्वरी नगरपालिकामा शम्भूनाथ मगर, तिरहुत गाउँपालिकामा अमित उप्रेती, तिलाठी कोइलाडी गाउँपालिकामा मोना सिंह, राजगढ गाउँपालिकामा धर्मेन्द्र प्रसाद धमला, बोदेबरसाईन नगरपालिकामा पुरुषोत्तम खतिवडा, महादेवा गाउँपालिकामा युवराज पोखरेल, रुपनी गाउँपालिकामा कुमार मास्के, बलान-बिहुल गाउँपालिकामा सूर्य प्रसाद सापकोटा, विष्णुपुर गाउँपालिकामा प्रकाश प्रसाद पोखरेल, शम्भुनाथ नगरपालिकामा उज्जवल न्यौपाने, सप्तकोशी नगरपालिकामा विष्णु प्रसाद निरौला, सुरुङ्गा नगरपालिकामा इश्वर प्रसाद काफ्ले र हनुमाननगर कंकालिनी नगरपालिकामा माधव प्रसाद दाहाललाई तोकिएको छ ।

उक्त निर्वाचनका लागि जिल्ला न्यायाधीश र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई यही चैत २९ देखि लागू हुने गरी मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमा नियुक्त गरिएको जनाइएको छ ।

स्थानीय तह निर्वाचनका लागि न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गर्ने व्यवस्था छ ।

# सडक मर्मतको माग गर्दै प्रदर्शनसहित ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

सप्तरीको राजगढदेखी विष्णुपुर गाउँपालिका हुँदै सदरमुकाम राजविराजसम्म पुग्ने एकमात्र सडक बाटो अत्यन्त जिर्ण र जोखिमपूर्ण अवस्थामा पुगेको भन्दै मर्मत सम्भारका लागि आइतबार प्रदर्शनसहित जिल्ला प्रशासन कार्यालय सप्तरीमा ज्ञापनपत्र बुझाएको छ ।

स्थानिय जनप्रतिनिधि, विद्यार्थी, शिक्षक, विभिन्न राजनीतिक दलका प्रतिनिधिलगायतले प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय पुगेर सहायक प्रमुख जिल्ला अधिकारी सुभास कुमार लामिछानेलाई ज्ञापनपत्र बुझाएको हो ।

जिर्ण रहेको उक्त नहर खण्डको बाटो नहर सफाइका क्रममा निकालिएको फोहरहरु ठाउँ ठाउँमा

***बाँकी अन्तिम पृष्ठमा***



## सम्पादकीय

# पार्टी परित्याग र प्रवेश गर्ने परिपाटी बढ्दै

अहिले मुलुकमा स्थानिय तह निर्वाचनको मिति तय भएसँगै राजनीतिक माहौल पुनः तातिएको छ। आगामी बैशाख ३० गतेका लागि निर्वाचनको मिति तय भएको छ। राजनीतिक दलहरु सम्भावित उम्मेदवारहरुलाई मध्यनजर गर्दै पार्टीमा भित्राउने कार्यलाई जोडतोडले लागिपरेका छन्। विभिन्न दलबाट पार्टी परित्याग गरि आफुअनुकुल दलमा प्रवेश गर्ने लहर लागेको देख्न सकिन्छ। पार्टीमा आफुलाई उम्मेदवार बनाउने छाटकाट नदेखेपछि नयाँ दलमा प्रवेश गर्ने एउटा परिपाटी नै देखिदैछ। हुन त यो परिपाटी नयाँ नभएर जहिले जहिले मुलुकमा कुनै निर्वाचनको मिति तय हुन्छ उक्त समयमा पार्टी परित्याग र प्रवेश गर्नेको घुइचो नै लाग्ने गरेको देखिन्छ।

राजनीतिक दलहरुले पनि आफुअनुकुल ती उम्मेदवारहरुलाई पार्टी प्रवेश गराउने तछाडमछाड् गर्ने गर्छन्। दलहरुले कुनै क्षेत्रमा आफ्ना पार्टीका उम्मेदवारहरु दरो नभएको खण्डमा ती स्थानमा अर्कै पार्टीका बलियो उम्मेदवारलाई पार्टीमा भित्राउन कुनै कसर बाँकी राख्दैनन्। जसरी पनि चुनावी नतिजा आफ्नो पोल्टोमा पार्न सबै शक्ति लगाउन पनि पछाडी पर्दैनन्। यो नेपालको मात्र नभए छिमेकी मुलुक भारतमा पनि यही परिपाटी रहिआएको छ। यसलाई राजनीतिको एउटा दाउपेच पनि भनिन्छ।

तसर्थ यस्ता परिपाटीले कहिलेकाही पार्टीका योग्य उम्मेदवार पनि पछाडी पर्छन्। सुरुदेखी पार्टीका लागि इमान्दारीपूर्वक काम गरिरहेका नेता कार्यकर्ताहरु यस्ता परिपाटीबाट छुट्न जान्छन्। तसर्थ कुनै पनि दलले यी कुरालाई पनि मध्यनजर गर्नु आवश्यक छ। पहिला आफ्नो नेता कार्यकर्ताप्रति विश्वास गर्नु राजनीतिक दलहरुको कर्तव्य हो। यसतर्फ सबै दलको ध्यान पुगोस्।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# स्थानीय तह निर्वाचन : पर्यवेक्षणका लागि निवेदन दिन आह्वान

काठमाडौँ, १३ चैत (रासस)।

निर्वाचन आयोगले आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा पर्यवेक्षण गर्न चाहने राष्ट्रिय सङ्घसंस्थालाई निवेदन दिन आह्वान गरेको छ।

निर्वाचनका क्षेत्रमा अनुभव, विज्ञता, दक्षता र प्रतिष्ठा आर्जन गरेका राष्ट्रिय सङ्घसंस्था र व्यक्तिबाट निर्वाचन पर्यवेक्षण गराउन निवेदनका लागि आयोगले आइतबारदेखि लागू हुने गरी १५ दिने सार्वजनिक सूचना जारी गरेको हो। निर्वाचनमा तेस्रो पक्षबाट गरिने निर्वाचनको विधि र प्रक्रियाको अवलोकन गर्ने कार्यलाई निर्वाचन पर्यवेक्षण भनिन्छ।

निर्वाचनको पर्यवेक्षण गर्न चाहने संस्थाले निवेदनका साथ संस्था दर्ता प्रमाणपत्र, नवीकरण भएको निस्सा, विधान र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि पेश गर्नुपर्ने छ। संस्थाका कार्यसमितिका पदाधिकारीको नामावली, पर्यवेक्षणको अनुभव भए सोको प्रमाण तथा संस्थाले तयार गरेको पुस्तिका र निर्देशिका प्रति पेश गर्न भनिएको छ। यद्यपि कुनै सङ्घसंस्थालाई पर्यवेक्षण गर्न अनुमति दिने वा नदिने भन्ने अघिकार आयोगमा निहित छ।

निर्वाचनको पर्यवेक्षण गर्न चाहने व्यक्ति वा संस्थाले निर्धारित प्रक्रिया पूरा गरी अनुमति लिनु पर्नेछ। निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा भएको छ भन्ने सुनिश्चित गर्न पर्यवेक्षण गराउने अन्तर्राष्ट्रिय अभ्यास छ। निर्वाचन पर्यवेक्षणले निर्वाचनको वैधता र निर्वाचन व्यवस्थापन गर्ने निकायको विश्वासनीयता अभिवृद्धिमा सहयोग पुर्‍याउँछ।

निर्वाचनलाई स्वच्छ र निष्पक्ष तुल्याउन निर्धारण गरिएका प्रक्रिया र मापदण्ड पालना भए/नभएको सुनिश्चित गर्न तथा निर्वाचन प्रक्रियालाई पारदर्शी तुल्याइ परिणाम स्वीकार्य बनाउन निर्वाचन पर्यवेक्षण गर्ने गराउने चलन छ। निर्वाचन पर्यवेक्षणले मुख्य सरोकारवालासँगको समन्वय र सहभागिता प्रवर्द्धन सहयोग पुर्‍याउनका साथै निर्वाचनको साख अभिवृद्धि र सम्बन्ध विस्तारमा योगदान पुर्‍याउने आयोगले जनाएको छ।

पर्यवेक्षण अनुमति पाएका सङ्घसंस्था र व्यक्तिले निर्वाचन सकिएको १५ दिनभित्र प्रारम्भिक र कार्य समाप्त भएको ३० दिनभित्र आयोगसमक्ष अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने छ। तोकेको कार्यविधि र आचारसंहिता पालना नगरी पर्यवेक्षण गर्नेको अनुमति रद्द गर्न सक्ने कानुनी व्यवस्था रहेको आयोगले जनाएको छ।

**पर्यवेक्षण संस्थाका कर्तव्य**

आयोगबाट अनुमति नलिई पर्यवेक्षण नगर्ने नगराउने तथा पर्यवेक्षक खटाउँदा समावेशी नीतिलाई अवलम्बन गर्नुपर्ने संस्थाको कर्तव्य हुनेछ। संस्थाले पर्यवेक्षकलाई तालिम, सपथ, परिचयपत्रको व्यवस्थासहित हिमाल, पहाड र तराई सबै क्षेत्र समेट्ने गरी खटाउन पर्नेछ।

पर्यवेक्षकले निर्वाचनका विषयमा स्वतन्त्रतापूर्वक संवाद गर्ने, आचारसंहितभित्र रही निर्वाचनका विषयमा प्रष्ट हुने र अधिकार क्षेत्रसम्बन्धी जानकारी लिनुपर्ने हुन्छ।

निर्वाचन प्रचार अभियान, मतदाताको निर्वाध आवतजावत, संवेदनशील निर्वाचन सामग्रीको ओसारपसार, मतदान प्रक्रिया, मतगणना, निर्वाचन परिणाम र सञ्चारमाध्यममा पहुँचबारे पनि पर्यवेक्षकले विशेष ध्यान पुर्‍याउनुपर्छ। निष्पक्ष, तटस्थ र विश्वसनीय पर्यवेक्षण गर्नुपर्ने भएकाले पर्यवेक्षकले सबै सम्प्रदाय र जातजातिको सम्मान गर्नुपर्ने छ। उम्मेदवार र दल विशेषका बारेमा टिकाटिप्पणी गर्न भने पाइने छैन।

# बस दुर्घटनामा चारको मृत्यु

मलङ्गवा, १३ चैत (रासस)।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सर्लाहीस्थित फुलजोर खोलाको पुलबाट बस तल खस्दा चारको मृत्यु भएको छ भने ३० जना घाइते भएका छन्।

वीरगन्जदेखि जनकपुरतर्फ जाँदै गरेको ना ४ ख ८५५५ नं को बस आइतबार मध्यान्ह सर्लाहीको लालबन्दी र ईश्वरपुर नगरपालिकाको सीमामा पर्ने फूलजोर खोलास्थित पुलबाट तल खसेर दुर्घटना भएको सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिनुभयो।

बसको अगाडीको चक्का पड्किएर अनियन्त्रित भई पुलबाट तल खसेको बताइए पनि अनुसन्धान भइरहेको उहाँले जानकारी दिनुभयो। घाइतेको लालबन्दी, नवलपुर र हरिवनमा उपचार भइहरको छ। गम्भीर घाइतेलाई लालबन्दीबाट अन्यत्र बाहिर पठाउने क्रम चलिरहेको प्रहरीले जनाएको छ। दुर्घटनामा बसका चालकसमेत घाइते भएका छन्।

मृतकको शव परीक्षणका लागि प्रादेशिक अस्ताल मलङ्गवमा ल्याइएको छ भने मृतक तथा घाइतेहरुको पहिचानको काम भइरहेको इलाका प्रहरी कार्यालय लालबन्दीले जनाएको छ।

# दलित बस्तीका १३ घर आगलागी

मलङ्गवा, १३ चैत (रासस)।

सर्लाहीको धनकौल गाउँपालिका-५ हरकठवास्थित दलित बस्तीमा शनिवार साँझ आगलागी हुँदा १३ घर जलेर नष्ट भएका छन्। आगलागीबाट करिब २६ लाख बराबरको क्षति भएको जनाइएको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार आगलागीमा घरभित्र राखिएको ग्याँस सिलिण्डर पड्किँदा

*बाँकी तीन पृष्ठमा*


मधेश प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

**जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र**

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:- ०७८/७९ फोन नं.:-०३१-५३०८९५

चलानी नं. :- मिति :- २०७८।११।१४

सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सूचना
प्रथम पटक प्रकासित मितिः२०७८।१२।१४

प्रस्तुत विषयमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रसप्तरीमा आ.व. २०७८/७९ मा कामकाज गर्नका लागि तपसिल वमोजिमको कर्मचारी अवश्यक भएको हुदाँ करार सेवामा पदपूर्तिको लागि तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपालि नागरिकहरूले यो सूचना प्रकाशित भएकोमितिले १५ (पन्ध्र)दिन भित्र यस कार्यालयमा तोकिएका फारम अनुसार दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएकेछ।

तपसिलः

| विज्ञापन नं. | पद | श्रेणी/तह | सेवा /समूह | माँग पद संख्या | परिक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| २-२०७८/७९ | ल्याव टेक्निसियन | पाँचो | स्वास्थ्य/ल्या.टे. | ०१ | अन्तर्वार्ता | |

१) **आवश्यक न्यूतम योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब टेक्निसियनकोर्ष उतिर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुर्ने।

२) **उमेर:** १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

३) **दरखास्तसाथ पेशगर्नु पर्ने न्यून्तम कागजात र विवरण:**आवेदक स्वयमंले प्रमाणित गरेको देहाय वमोजिमका कागजातहरू:

क) नेपाली नागरिक्ता प्रमाण-पत्रको प्रतिलिपि।

ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपीहरू।

ग) दरखास्तको लागि लोकसेवामा आधारित फारम भरिपेश गर्नुपर्ने छ।

४) **पारिश्रमिक:** आपसी सम्झोता अनुसार विनियोजित वजेटको परिधि भित्र।

५) **आवेदन दस्तुर:** रू.५०० (पाँच सय) बैंकमा जम्मा गरेको सक्कलै बैंक भोचर।

६. सम्पर्क मितिः २०७८।१२।२९ गते

| बैंकको नाम | बैंक खाता नं. | कार्यालय कोड | कार्यालयको नाम | राजश्व शीर्षक नं. | वापत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| रा.बा.बैंक शाखा, सप्तरी | १०००२०००१०००० | ३५००२१५०१२ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र,सप्तरी | १४२२९ | परीक्षा दस्तुर | |

शिव शंकर यादव
कार्यालय प्रमुख

# तमलोपाद्वारा १५ बुँदे घोषणापत्र जारी

धनुषा, १३ चैत (रासस)।

आगामी स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दलले आफ्ना घोषणापत्र जारी गर्ने क्रम सुरुआत भएको छ। यसक्रममा 'समृद्ध र सबल नेपाल निर्माणको प्रतिबद्धता र सङ्कल्प' भन्ने नारा सहित तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा)ले शनिबार घोषणापत्र सार्वजनिक गरेको छ।

जनकपुरधाममा आयोजित अन्तर्क्रिया कार्यक्रममा तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल र वरिष्ठ नेता डा विजयकुमार सिंहले संयुक्तरूपमा १५ बुँदे घोषणापत्र सार्वजनिक गर्नुभयो। घोषणापत्रमा संविधान कार्यान्वयनको महत्वपूर्ण चरण र नयाँ युगको थालनीका रूपमा स्थानीय तहको निर्वाचनलाई लिइएको उल्लेख छ। स्वतन्त्रता, समानता, लोकतान्त्रिक अधिकार, पहिचानको सम्मान र सङ्घीय स्वशासनका निम्ति निरन्तर सङ्घर्षरत रहने पनि घोषणापत्रमा उल्लेख गरिएको छ।

तमलोपाले 'सङ्घर्ष समानता र सम्मानको मधेसीको पहिचानको'बारे निर्धारित गरेको जनाउँदै १० प्रदेशीय राज्य पुनःसंरचना, संविधान संशोधन, राज्य प्रायोजित प्रवासन, प्रदेशको भूमि प्रदेशकै अधिकार हुनुपर्ने, भूमिहीन दलित र सुकुम्वासीलाई आफ्नै जन्मथलोमा भूमि पाउने अधिकार, युवा र श्रमशक्ति, शिक्षामा सहज पहुँच हुनुपर्ने विषयलाई प्राथमिकतामा राखेको छ।

त्यस्तै कृषि, उद्योग र व्यापार सन्तुलन, निजी सार्वजनिक भागिदारी, मधेस विकासका निमित्त दीर्घकालीन सहमतीय विकास रणनीतिको तर्जुमा, क्षेत्रीय पार्टीको मान्यताको प्रावधान, जनसङ्ख्या आधारित प्रतिनिधित्व, स्वतन्त्र र निष्पक्ष सञ्चार तथा व्यावहारिक विदेश नीतिलगायतका पार्टीको महत्वपूर्ण बुँदाहरू घोषणापत्रमा समावेश गरिएको छ।

अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष लालले पार्टी सक्रिय भएको एक महिना पनि नभएको अवस्थामा पार्टीलाई स्थानीय चुनावको निम्ति तयार रहन नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभयो। उहाँले भन्नुभयो "निर्वाचनमा आफ्नो पार्टी कुनै गठबन्धनको पक्षमा छैन। लोकतन्त्रको निम्ति लोकतान्त्रिक शक्तिहरूबीच गठबन्धन जरुरी छ।" कार्यक्रममा पार्टीका वरिष्ठ नेता डा सिंहले तमलोपाले देशलाई राजनीतिक विकल्प दिने दाबी गर्नुभयो। कार्यक्रममा पार्टीका विभिन्न जिल्लाका जिल्ला अध्यक्ष तथा नेता कार्यकर्ताको उपस्थिति थियो।

## *दलित बस्तीका...*

स्थानीयवासी ३५ वर्षीय अरबिन्दप्रसाद कुशवाह घाइते थिए। घरभित्र रहेका अन्न, लत्ताकपडालगायत सबै सामान जलेपछि १३ दलित परिवारको बिचल्ली भएको छ।

आगलागीबाट स्थानीय प्रदीप हजारी, रामबली पासमान, ताहिर हजारी, शीतल हजारी, जीवन हजारी, भिखारी पासमान, रामविश्वास हजारी, बिकाउ पासमान, नन्नद किशोर पासमान, गगन हजारी, सरपलाल हजारी, रामनाथ हजारी र भुमेश्वर साह कानुको घर जलेर नष्ट भएको छ।

मलङ्गवा, हरिवन नगरपालिकाको बारुणयन्त्र तथा सुरक्षाकर्मी र स्थानीयवासीको सहयोगमा आगो निभाइएको प्रहरीले जनाएको छ।

रुपनी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**रुपनी, सप्तरी**

**मधेश प्रदेश, नेपाल**

**जिउँदो माछा बिक्री कक्ष जडान सहितको तिन पांग्रे (टेम्पु) सहयोग का लागि**

निवेदन माग सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति: २०७८।१२।१३**

"माछा क्लस्टर विकास कोष सञ्चालन कार्यविधि २०७८" कार्यान्वयनका लागि समृद्धि आयोजना र रुपनी गाउँपालिका विच मिति २०७८ साल भदौ महिना २४ गते विहिवारका दिन भएको द्विपक्षीय समझदारी अनुसार जिउँदो माछा विक्री प्रवर्धनका लागि यस गाउँपालिका अन्तर्गतका माछा व्यापारीहरुसंगको लागत साझेदारीमा **"जिउँदो माछा बिक्री कक्ष जडान सहितको तिन पांग्रे (टेम्पु) सहयोग कार्यक्रम"** कार्यान्वयनका लागि तपसिलमा उल्लेखीत योग्य माछा व्यापारीहरु बाट सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँपालिकाको कार्यालयमा निवेदन दर्ता गर्नहुन अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.स. | क्षेत्रहरु | विवरण |
|---|---|---|
| १ | माछा व्यापारी र गाउँपालिका विच सह लगानी हुने वस्तुको विवरण | "घुमन्ते बिक्री कक्ष जिउँदो माछा का लागि र कम्तीमा १०० किलो जिउँदो माछा राख्ने क्षमता भएको एक्युरीम, माछा काट्ने र वेच्ने व्यवस्था सहितको पेट्रोल इन्जिन भएको तिन पांग्रे (टेम्पु) |
| २ | आवेदकको न्युनतम योग्यता | क) गाउँपालिका भित्रका माछा संकलक/ विक्री वितरण गरीरहेको खुद्रा, थोक तथा संकलक व्यापारीहरु।<br>ख) रुपनी गाउँपालिका माछा क्लस्टर विकास कोषमा सुचिकरण भएको। यदि सुचिकरण नभएको भए गाउँपालिकाले तोके अनुसारको निवेदन खाकामा सुचिकरणकालागि निवेदन |
| ३ | अनुदानको सिमा तथा सर्तहरु | उल्लेखीत वस्तु खरीद मुल्यमा ४० प्रतिशत सम्म वा बढीमा एक वस्तुको लागि रु.३२००००।– (अक्षरेपि रुपियाँ तिन लाख विस हजार मात्र) सम्म |
| ४ | लाभान्वित किसान संख्या | गाउँपालिका भित्रका कम्तीमा ४० जना माछा उत्पादक किसानसंग निश्चित मुल्यमा कम्तीमा दुई वर्ष सम्म माछा खरीद गर्नु पर्ने। |
| ५ | आवेदनको लागि आवश्यक कागजातहरु | क) नागरिकता प्रमाण पत्रको प्रतिलिपि सहित जिउँदो माछा बिक्री कक्ष जडान सहितको तिन पांग्रे (टेम्पु) सहयोग का लागि आवेदन पत्र।<br>ख) माछा क्लस्टर विकास कोष कार्यविधि २०७८ रुपनी गाउँपालिकाले "माछा विक्री/निकासी वापतको शुल्क प्रति किलो रु.१।०० (एक रुपैयाँ)" नियमितरुपले कोषमा जम्मा गर्ने प्रतिवद्धता सहितको सुचिकरणका लागि निवेदन।<br>ग) उल्लेखीत वस्तु खरीद गर्न आवश्यक थप ६० प्रतिशत रकम व्यवस्थापन गर्ने सक्ने प्रतिवद्धता पत्र।<br>घ) माछा खरीद एवंम विक्री कार्यमा संलग्न रहेको व्यहोरा प्रमाणित हुने स्थानीय तहको सिफारीस वा उल्लेखीत उद्देश्य खुल्ने गरि गाउँपालिका एवंम सम्बन्धीत निकायमा विधिवत दर्ता भएको प्रमाण।<br>ङ) यस गाउँपालिका भित्रका कम्तीमा ४० जना माछा उत्पादक किसान वा गाउँपालिकामा दर्ता भएका माछा उत्पादक समुहसंग माछा खरीद गर्ने सम्झौता गरेको सम्झौता पत्रको प्रतिलिपी। |

अरविन्द कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत


**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


# विश्व समाचार

## यमनका हुथी विद्रोहीद्वारा साउदी अरेबियासँग तीन दिने युद्धबिराम घोषणा

यमन (सन्ना), १३ चैत (रासस-एएनआई)।

यमनको हुथी समूहले तीन दिने युद्धबिरामको घोषणा गरेको छ। समूहले यदि साउदी नेतृत्वको गठबन्धनले देश विरुद्धको आफ्नो कारबाही समाप्त गर्छ भने "स्थायी" युद्धबिरामको सम्भावना प्रस्तावसमेत गरेको अल जजीराले उल्लेख गरेको छ।

साउदी अरेबिया ग्रान्ड प्रिक्स दौड अघि शुक्रबार जेद्दाह तेल डिपोमा आगलागी भएको बेलामा यो प्रमुख घटनाक्रम आएको हो। हुथी राजनीतिक नेता महदी अल-मशातले क्षेप्यास्त्र र ड्रोन आक्रमण र सबै सैन्य कारबाही तीन दिनका लागि स्थगित गर्ने घोषणा गरेका छन्।

"यो एक निष्कपट निमन्त्रणा र विश्वास पुनर्स्थापित गर्न र सबै पक्षलाई वार्ताको क्षेत्रबाट कार्यको क्षेत्रमा लैजानको लागि चालिएको व्यावहारिक कदम हो", अल-मशातले भनेका छन्। हामी यो घोषणालाई अन्तिम, स्थायी प्रतिबद्धतामा परिणत गर्न तयार छौं यदि साउदी अरेबियाले यमनमा घेराबन्दी अन्त्य गर्ने र यमनमा आफ्ना आक्रमण सदाका लागि रोक्ने प्रतिबद्धता गर्दछ, उनले थपे।

## चीनमा दुर्घटनाग्रस्त विमानमा रहेका सबै १३२ को मृत्यु भएको पुष्टि

नान्नीङ, १३ चैत (रासस/सिन्ह्वा)।

चीनमा गत सोमबारदेखि बेपत्ता भएको यात्रु बाहाक विमानमा रहेका सबै १३२ जना यात्रुको मृत्यु भएको पुष्टि भएको छ। घटना लगत्तै घटनास्थलमा खोजी तथा उद्धारका लागि ठूलो सङ्ख्यामा उद्धारकर्ताका परिचालन गरिए पनि विमानको 'ब्याकबक्स' मात्रै फेला परेको छ।

चाइना इस्टर्न एयरलाइन्सको विमान गत सोमबार दक्षिणी चीनको गुआन्छी झुआङ् क्षेत्रमा बेपत्ता भएको थियो। घटना भएको छैटौं दिन शनिबार उद्धारकर्ताले घटनामा परेका सबै यात्रु मृत्यु भएको घोषणा गरेका हुन्।

"बेपत्ता भएको विमानमा रहेका सबैको मृत्यु भएको छ, कोही पनि जीवितै भेट्न सकिएको छैन, यो अत्यन्त दुःखद खबर हो," चिनियाँ नागरिक उड्डयन प्रशासनका उपप्रमुख हु झेन्जीयाङले भन्नुभयो। घटनामा परी मृत्यु भएकामध्ये १२३ यात्रु र नौ जना चालक दलका सदस्य रहेको पनि उहाँले स्पष्ट पार्नुभयो।

घटनास्थलमा खोजी तथा उद्धारका लागि चिनियाँ कम्युनिष्ट पार्टी र राज्य परिषद्को सिफारिसमा अग्नि नियन्त्रक, सशस्त्र प्रहरी, सैन्य अधिकारी, सार्वजनिक सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्वयमसेवकलगायत खटिएका थिए। घटनामा मृत्यु भएकामध्ये १२० को डिएनए परीक्षण गरी पहिचान भइसकेको पनि अधिकारीले जानकारी दिएका छन्।

दक्षिणपश्चिमी चिनियाँ प्रान्त युनानको राजधानी कुन्मीङदेखि गुन्डोङ प्रान्तको राजधानी गोन्झाउतर्फ जाँदै गरेको बेला विमान बेपत्ता भएको हो। स्थानीय समयअनुसार सोमबार दिउसो २.३८ बजे विमान बेपत्ता भएको अधिकारीले जनाएका छन्।

## एकै दिन ६२ को हत्या

सान साल्भाडोर, १३ चैत (रासस-एएफपी)।

एल साल्भाडोरमा शनिबार एकै दिन ६२ वटा हत्या भएको प्रहरीले जनाएको छ। देशका सांसद्ले सामूहिक हिंसामा भएको वृद्धिलाई लिएर आपतकालीन अवस्थाको घोषणा गर्न अध्ययन गरिरहेका छन्। "यस शनिबार मार्च २६, देशमा ६२ हत्याका घटनासाथ समाप्त भएको छ," राष्ट्रिय जनपद प्रहरीले ट्विटरमा पोस्ट गरेको छ। "हामी गिरोह विरुद्धको यो युद्धमा पछि हट्ने छैनौं। यी कार्यका लागि जिम्मेवार अपराधीलाई पक्राउ नगरेसम्म हामी आराम गर्ने छैनौं", प्रहरीले बताएको छ।

## अमेरिकाले आणविक सम्झौता गरे पनि इरानका गार्डमाथि प्रतिबन्ध कायमै : राजदूत

दोहा, १३ चैत (रासस-एएफपी)।

संयुक्त राज्य अमेरिकाले इरानको आणविक कार्यक्रम सीमित गर्ने सम्झौता भए तापनि इरानको रिभोलुसनरी गार्डमाथि प्रतिबन्ध भने कायम राख्ने अमेरिकी विशेष दूत रोबर्ट मालीले आइतबार बताएका छन्।

इरानले रिभोलुसनरी गार्ड कोर्प्स (आईआरजीसी)लाई अमेरिकी आतङ्कवादी सूचीबाट हटाउने पुनर्जीवित आणविक सम्झौताको हिस्सा भएकोमा जोड दिएको जनाइएको छ। इरानका लागि अमेरिकी राजदूत मालेले कतारको राजधानी दोहामा भएको सम्मेलनमा भनेः "आईआरजीसीलाई अमेरिकी कानूनअनुसार प्रतिबन्ध लगाइनेछ र आईआरजीसीप्रतिको हाम्रो धारणा कायम रहनेछ।"

# बजाज खडक वारियर्स र राजविराज द किंग्स बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

राजविराजमा जारि चौथो मेयर कप सप्तरी प्रिमियर लिगको आइतबारको खेलमा बजाज खडक वारियर्स र राजविराज द किंग्स बिजयी भएका छन् । बजाजले टिभीएस किंग्स राजविराजलाई १४ रनले पराजित गरेको छ भने राजविराज द किंग्सले राजविराज ब्रदर्शलाई ३० रनले पराजित गऱ्यो ।

सम्पन्न पहिलो खेलमा बजाज वारियर्सले दिएको १ सय ५४ रनको लक्ष्य पछ्याएको किंग्सले २० ओभर ब्याटिंग गर्दै ७ विकेट क्षतीमा १ सय ३९ रन मात्र बनायो ।

टिभीएस किंग्स राजविराजको ब्याटिंगमा ओपनर शेख इमरानले ४७, महबुब आलमले ३७, सुरज कुर्मीले २३ रन बनाएता पनि जित्न प्रयाप्त रहेन । उक्त खेलको प्लेयर अफ द म्याच समेत चुनिएका बजाज खडक वारियर्सका बलर सर्वन यादवले ३ तथा गोमानन्द अमात्य र अरनिको यादवले २/२ विकेट लिए ।

टस हारेर ब्याटिंग गरेको बजाज खडक वारियर्सले १९.४ ओभरमा सबै विकेट गुमाएर १५३ रन बनाएको थियो । खडक वारियर्सको लागि मुकुन्द यादवले सर्वाधिक ३३ रन, सर्वन यादवले २४ रन, अविनाश कर्णले २२ रन तथा राहुल मण्डल र रोबिन सिंहले समान १९ रन योगदान दिए । टिभीएस किंग्स राजविराजका बलर पप्पु यादवले सर्वाधिक ३ विकेट, बिशाल सुश्लिंगले २ विकेट तथा भुलावन सहानी, पप्पु यादव र महबुब आलमले १/१ विकेट लिए ।

यस्तै दोश्रो खेलमा राजविराज द किंग्सले दिएको १ सय ५२ रनको लक्ष्य पछ्याएको ब्रदर्शले १८.२ ओभरमा १ सय २१ रन मात्र बनायो । ब्रदर्शको ब्याटिंगमा निरज कुमार यादवले सर्वाधिक २७, प्रशान्त सिंहले २४ , विकास दास र अमित यादवले १६/१६ तथा अनुज चुनाराले १५ रन बनाए । द किंग्सका बलर रुपेश कुमार सिंहले सर्वाधिक ३ विकेट, फिर्दोश अन्सारीले २ विकेट तथा रोहितकुमार सिंह र अनिल यादवले १/१ विकेट लिए ।

टस जितेर ब्याटिंङ गरेको राजविराज द किंग्सले २० ओभरमा ८ विकेट क्षतीमा १ सय ५१ रन बनाएको थियो । उसको लागि फिर्दोश अन्सारीले सर्वाधिक ४०, रुपेश कुमार सिंहले ३०, सन्तोष कार्कीले २९ तथा चित्रबहादुर बिस्टले १५ रन योगदान दिएका थिए । राजविराज ब्रदर्शका बलर अनुज चुनारा, दिपेश कंडेल र अजय यादवले २/२ विकेट तथा पार्थिव यादवले १ विकेट लिए । खेलको प्लेयर अफ द म्याच फिर्दोश अन्सारी घोषित भए ।

जितपछि राजविराज द किंग ३ खेलमा २ जित र १ हार बेहोर्दै ४ अंकको साथ अंक तालिकाको शिर्षमा छ । समान नतिजापछि नेट रन रेटमा पछि पर्दै टिभीएस किंग्स राजविराज र बजाज खडक वारियर्स दोश्रो र तेश्रो स्थानमा छ । तिन वटै खेलमा हारपछि राजविराज ब्रदर्शको फाइनल पुग्ने सम्भावना समाप्त भएको छ ।

राजविराज नगरपालिकाको सहयोग तथा क्रिकेट संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगितामा कुल पाँच टिमको सहभागिता रहेको छ ।

# माओवादी केन्द्रबाट सप्तरीको १८ वटै स्थानिय तहको प्रमुख उपप्रमुखमा तीन दर्जन भन्दा बढी आकांक्षी

**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

अगामी बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि सप्तरीमा माओवादी केन्द्रले चुनावी चहलपहललाई तिब्रता दिएको छ ।

नेकपा माओवादी केन्द्रका क्रियाकलाप बढ्नुको साथै स्थानीय तहको निर्वाचनमा नतिजा आफ्नो पक्षमा पार्ने उद्देश्यका साथ भेटघाट तथा कार्यक्रममा संलग्न हुने क्रम बढ्दै गएको छ ।

माओवादी केन्द्रले जिल्लाको १८ वटै स्थानीय तहको १ सय ६३ वटै वडामा टोल समिति गठन गर्नुका साथै पालिका र वडाका सम्भावित उम्मेदवारहरुले आ-आफ्नो दावी पेश गर्दैछन् । जसका लागि तीन दर्जन भन्दा बढी प्रमुख उपप्रमुखका आकांक्षीहरु देखिएका छन् ।

महादेवा गापावाट अध्यक्षमा दिपेन्द्र माझी, देवराम यादव, मनोज यादव, कृष्णदेव मण्डल, वैजु कामैत, फरेवी सदा आकाँक्षी देखिएका छन् भने अनिता कुमारी मण्डल, अनिता कुमारी यादव, प्रमिला यादव, बुच्चि देवी सरदारको नाम उपाध्यक्षमा चर्चा रहेको छ ।



यस्तै बोदेवर्साइन नगरपालिकाको प्रमुखमा डा सुर्य प्रसाद यादव, इन्जिनियर बैजनाथ प्रसाद यादव, दिलिप कुमार यादव, देव नारायण प्रमाणी, किरण कुमार यादव आकांक्षी देखिएका छन भने उप प्रमुखमा सुनिता कुमारी साह रहेकी छिन ।

सप्तकोशी नगरपालिकाको प्रमुखमा रविन्द्र चौधरी, शम्भु खडका, ध्रुव कार्की, संतोष खतिवडा, कञ्चनरुप नगरपालिकामा बंशी चौधरी, सत्यनारायण चौधरी, अग्नीसाइर कृष्णसवरण गाउँपालिकाको अध्यक्षमा बेचन चौधरी, असर्फी सदा तथा उपाध्यक्षमा रमिता सदा आकांक्षी देखिएका छन् ।

त्यसैगरी रुपनी गाउँपालिकाबाट अध्यक्षमा अरुण साह, भगवती यादव, राजविराज नगरपालिको प्रमुखमा रामगमन साह, प्रा.डा. देवनाथ यादव, केदार देव, भन्नालाल यादव, मो. गणी, मधुसुदन यादव, जय प्रकाश यादव तथा उपप्रमुखमा प्रतिमा यादव आकांक्षी छन् ।

तिरहुत गाउँपालिकाको अध्यक्षमा गोपाल प्रसाद गुप्ता, विशेश्वर यादव तथा उपाध्यक्षमा लालमैन देवी सरदार आकांक्षी छन् । त्यस्तै हनुमाननगर कंकालिनी नगरपालिकाबाट प्रमुखमा राहुल मण्डल, बशन्त मण्डल, तिलाठी कोइलाडी गाउँपालिकामा संजय सिंह, अभिनास सिंह, मुनिलाल मुखिया तथा उपाध्यक्षमा अनिता मुखिया, मालती देवी मुखिया, अनार देवी खंग आकांक्षी रहेका छन् ।

यसैगरि छिन्नमस्ता गाउँपालिकाको अध्यक्षमा जय प्रकाश यादव, विनोद यादव, शम्भु खंग, विष्णुपुर गाउँपालिकामा अध्यक्षमा रामकुमार राय, बलराम यादव, राजगढ गाउापालिकामा मो. इब्राहिम मियाँ, बिशेश्वर यादव, डाकनेश्वरी नगरपालिकाको प्रमुखमा कर्मलाल यादव, भुलाइ राम, शम्भुनाथ नगरपालिको प्रमुखमा गणपति साह, दानालाल चौधरी, भैगरथ साह, खडक नगरपालिकाको प्रमुखमा जय प्रकाश चौधरी, उचितलाल चौधरी, सुरुङ्गा नगरपालिकाको प्रमुखमा हरि नारायण चौधरी, चतुर चौधरी, यम बहादुर खपाङ्गी मगर, लक्ष्मी चौधरी प्रमुखका आकाँक्षी छन् भने शर्मिला चौधरी, लक्ष्मी चौधरीको नाम उप-प्रमुखमा चर्चामा रहेको छ । बलान विहुल गाउँपालिकाको अध्यक्षमा महेन्द्र यादव र पशुपति यादव आकाक्षी रहेको पार्टी श्रोतले जनाएको छ ।

# लोसपा परित्याग गरि बिजयी यादव काँग्रेसमा प्रवेश

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ चैत ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का केन्द्रीय सदस्य विजयकुमार यादवले सो पार्टी परित्याग गरि नेपाली कांग्रेस प्रवेश गरेका छन् ।



आइतबार पार्टी कार्यालय सानेपामा सभापति शेरबहादुर देउवा, महामन्त्री गगन थापा, आरजु राणा देउवा लगायत नेताहरुले यादवलाई पार्टी प्रवेश गराउँदै स्वागत गरेका हुन् ।

नेपाली कांग्रेस लोकतन्त्रलाई स्थायित्व दिने एक मात्र पार्टी भएको भन्दै यादवले त्यसैलाई आत्मसात गरेर आफू कांग्रेस प्रवेश गरेको बताए ।

## अस्पतालमा सरुवा ...

आदेशानुसार चैत्र २१ गते पेशी रहेकाले स्टोर शाखाबाट अत्यावश्यक सरसमान निकाल्न नसकिएको मेसु डा.साहको भनाई छ ।

जिन्सी शाखाका प्रमुख रोहिताले भने मेसु डा. साहले आफुलाई फसाउन खोजेको आरोप लगाउँछन । उनले अदालतको आदेश बमोजिम आफुले पाउन बाकी रहेको तलब भत्ता माग्न जाँदा समेत मेसु डा.साह तयार नभएको र अभद्र शैलिमा अदालतमा अवहेल्ना मुद्दा लिएर जानुस भन्दै हप्काउने गरेको भन्दै न्याय खोज्ने क्रममा आफु कर्मचारी संघ संगठन, ट्रेड युनियन देखी अदालत सम्म पुग्न बाध्य भएको सुनाए ।

मनपरि विरुद्ध न्यायका लागी आफु सर्वोच्च अदालत पुगेको उनले बताए । अदालतबाट आफ्नो पक्षमा अहिले कुनै पनि बरबुझारथ र सरुवा कार्यान्वय नगर्न अल्पकालिन आदेश आएको छ, उनले भने-यस्को टुंगो नलगे सम्म आफनो जिम्मामा रहेको स्टोरको समान दुरुपयोग र तलमाथी हुन सक्ने भयले साँचो आफै संग राख्न बाध्य भएको छु ।"

अस्पतालको जिन्सी खाताको सम्पुर्ण कारोबार पान सफ्टवेयरमा कम्प्युटर प्रणाली मार्फत संचालन हुने गरेर र आफुले स्टोरबाट समान दिदा त्यसको लगत सोही प्रणाली मार्फत राख्नका लागी युजर आईडी र पासवर्ड आवश्यक पर्ने भएकाले पटक पटक सो माग्दा पनि मेसु डा.साहले नदिएको उनको गुनासो छ ।

यसरी अस्पताल प्रमुख र कर्मचारीको विवादले अस्पतालमा तनाव उत्पन्न हुनुका साथै सहज ढंगले स्वास्थ्य सेवा प्रवाहमा समस्या भएको छ । यसबारे प्रमुख जिल्ला अधिकारी जर्नादन गौतमसंग जिज्ञासा राख्दा उनले अस्पतालमा देखिएको विवाद समाधानका लागी आफुले पहल थालिसकेको र छिट्टै समाधान निस्कीने विश्वास व्यक्त गरेका छन् ।

## सडक मर्मतको ...

थुपारिदा आवागमनमा झन समस्या थपिएको स्थानियवासी शम्भुप्रसाद यादवले बताए । दुई वर्षदेखी बिग्रेको उक्त बाटो बनाउन कुनै निकायले चासो नदिदा सुखखायाममा धुलाम्मे र वर्षायाममा हुने हिलाम्मेका कारण निकै सास्ती भोग्नु परिहरको उनको भनाई छ ।

विष्णुपुर गाउँपालिका वडा नं. ५ का अध्यक्ष जिवछ मण्डलले उक्त सडकखण्डमा पाइला पिच्छे परेका खाल्डा खुल्डीले साना ठूला सबै सवारीसाधन आवतजावतमा सकस हुने गरेको बताए ।

सडक जिर्ण बन्दा स्थानियले निकै सास्ती खेप्नु परेको भन्दै उनले बिरामीलाई समयमै अस्पताल पुऱ्याउन नसक्दा ज्यान जोखिममा पर्ने गरेको अर्का वडा अध्यक्ष बहादुर सदाको भनाई छ ।

जिर्ण सडककै कारण विद्यालय पुग्न पनि सो क्षेत्र र आसपासका विद्यार्थीहरुलाई समस्या हुने गरेको स्थानिय अभिभावक उमेश यादवले गुनासो गरे ।

सहायक प्रमुख जिल्ला अधिकारी लामिछानेले ज्ञापनपत्र बुझ्दै उक्त सडकखण्ड मर्मतका लागि आफूले सम्बन्धित निकायमा पहल गर्ने आश्वासन दिएका थिए ।

डढेलोबाट बचौ र बचाऔ ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौ,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔ,
- वन जंगलमा धुम्रपान नगरौं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*